# आकाशवाणी समाचार- नेपाली

मितिः ३१ मार्च २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु आज देखि दुई दिनको लागि महाराष्ट्रको यात्रामा जानुहुनेछ।
- ईद-उल-फितर आज देश भरिमै मनाइन्दैछ। यसको साथै आज रमजानको महीना पनि समाप्त भैरहेको छ।
- यस वर्ष ३० अप्रेलमा अक्षय तृतीयाको अवसरमा उत्तराखण्डको श्री गंगोत्री धामका ढोकाहरू बिहान १० बजेर ३० मिनेट जाँदा खोलिनेछ।
- अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रम्पले यूक्रेनमा जारी युद्धलाई लिएर रूसका राष्ट्रपति व्लादिमिर पुतिन प्रति अप्रश्न्नता ब्येक्त गर्नुभएको छ।
- आईपीएल टी-20 क्रिकेटमा , राजस्थान रॉयल्सले चेन्नई सुपर किंग्सलाई पराजित गरेको छ भने एक अन्य म्याचमा , डेल्ही कैपिटल्सले सनराइजर्स हैदराबादलाई सात विकेटले पराजित गरेको छ।

**राष्ट्रपति-मुंबई यात्रा**

राष्ट्रपति द्रौपदी मुर्मु आज देखि दुई दिनको लागि महाराष्ट्रको यात्रामा जानुहुनेछ। उहाँ आज साझ मुंबई पुग्नु हुनेछ। राष्ट्रपति मुर्मु भोलि मुंबईमा भारतीय रिजर्व बैंकको 90 ओ वर्षगांठको समापन समारोहमा सामेल हुनुहुनेछ।

****** ० ******

**प्रधानमंत्री कटरा- वंदे भारत**

प्रधानमंत्री नरेन्द्र मोदीले आगामी 19 अप्रैलको दिन कटराबाट कश्मीरको लागि पहिलो वंदे भारत एक्सप्रेसलाई प्रस्थान गराउनुहुने छ। केन्द्रीय मंत्री जितेन्द्र सिंहले जम्मूमा संवाददाताहरुलाई भन्नुभयो कि प्रधानमंत्री मोदी 19 अप्रैलमा ऊधमपुर पुग्नुहुनेछ अनि विश्वको सबैभन्दा अग्लो रेल पुलको उद्धाटन गर्नुहुनेछ। वंदे भारत रेलगाड़ी अहिले कटरादेखि चल्नेछ किनभने जम्मू स्टेशनको नवीनीकरण गरिँदैछ।कटरा-कश्मीर रेल मार्गमा 38 वटा सुरुंगहरु , 927 पुल अनि 1,315 मीटर लामो चेनाब पुल सामेल छ जो एफिल टॉवर भन्दा पनि अग्लो छ। वंदेभारत रेल गाडीले जम्मू अनि श्रीनगर बीचको यात्राको समय धेरै कम्ति हुनेछ।

****** ० ******

**ईद-उल-फितर**

ईद-उल-फितर आज देश भरिमै मनाइन्दैछ। यसको साथै आज रमजानको महीना पनि समाप्त भैरहेको छ। यस अवसरमा आज ईदगाहहरु अनि मस्जिदहरुमा ईदको नमाज अदा गरिंदै छ। राजधानी दिल्लीमा जामा मस्जिद, फतेहपुरी मस्जिद अनि शाही ईदगाहमा विशेष नमाज अदा गरिनेछ। राष्ट्रपति अनि उप-राष्ट्रपतिले मानिसहरुलाई ईदको शुभकामना दिनुभएको छ। राष्ट्रपति दौपदी मुर्मुले भन्नुभयो कि ईद-उल-फितर रोजा अनि इबादत पूरा भएकोमा मनाइने

त्योहार हो । उहाले आशा व्यक्त गर्नुभएको छ कि यस पर्वले शांति, प्रगति अनि खुशीयाली लिएर आउनेछ तथा सकारात्मक सोच सित अघि बढने शक्ति प्रदान गर्नेछ । उप-राष्ट्रपति जगदीप धनखड़ले भन्नुभयो कि ईद सांस्कृतिक विविधता अनि एकजुटताको प्रतीक हो । उहाले आशा व्यक्त गर्नुभएको छ कि यस पर्वले ती मूल्यहरु प्रति समर्पित रहनको लागि प्रेरित गर्नेछ जसले हाम्रो जीवनलाई दिशा दिंदछ अनि एउटा बलियो समृद्ध राष्ट्रको रूपमा हामीलाई एकजुट बनाई राख्दछ ।

****** ० ******

## गंगोत्री धाम

यस वर्ष अप्रिल ३० मा अक्षय तृतीयाको अवसरमा उत्तराखण्डको श्री गंगोत्री धामका ढोकाहरू बिहान १०:३० बजे खुल्नेछन्। श्री गंगोत्री मन्दिर समितिले माँ गंगाको शीतकालीन निवास मुख्वामा बसेको बैठकमा यस सम्बन्धमा निर्णय गरेको हो। श्री यमनोत्री धामका ढोकाहरू पनि सोही दिन खुल्नेछन्। यमनोत्री धामका ढोकाहरू खोल्ने समय यमनोत्री मन्दिर समितिले अप्रिल ३ मा यमुना जयन्तीमा घोषणा गर्नेछ। श्री बद्रीनाथ - केदारनाथ मन्दिर समितिका मिडिया इन्चार्ज डा. हरिश गौरले भने कि श्री बद्रीनाथ र श्री केदारनाथ धामका ढोकाहरू खोल्ने मिति र समय पहिले नै घोषणा भइसकेको छ। श्री बद्रीनाथ धामका ढोकाहरू मे efgukdks ४ rkfj[k बिहान ६ बजे र श्री केदारनाथ धामका ढोकाहरू मे २ rkfj[k बिहान ७ बजे खुल्नेछन्। यमुनोत्री, गंगोत्री, केदारनाथ र बद्रीनाथ उत्तराखण्डका चार उच्च-उचाइ धामहरू मध्ये एक हुन्। यी तीर्थस्थलहरू प्रत्येक वर्ष लगभग छ महिना बन्द रहन्छन्, सामान्यतया अप्रिल वा मे महिनामा गर्मीमा खुल्छन्, र सामान्यतया अक्टोबर वा नोभेम्बरको NsmNkm बन्द हुन्छन्। पवित्र तीर्थयात्रा यमुनोत्रीबाट सुरु हुन्छ, गंगोत्री तर्फ अगाडि बढ्छ, केदारनाथमा पुग्छ, र अन्तमा बद्रीनाथमा समाप्त हुन्छ।

## एनआईए-मानव तस्करी

राष्ट्रीय अन्वेषण अभिकरण-एनआईए ले एक व्यक्तिलाई डंकी रूट बाट  अवैध रूपमा अमरीका पठाउनमा सामेल प्रमुख आरोपीलाई पक्राउ गरेको छ । एनआईए ले बताए अनुसार आरोपी गगनदीप सिंहलाई राजधानी दिल्लीबाट पक्राउ गरेको हो । एनआईए ले भनेको छ कि पीड़ितलाई गत बर्ष दिसंबर महिनामा डंकी रूट भएर अमरीका पठाईएको थियो अनि उसलाई यसै महीना भारत फर्काईएको थियो । एनआईए ले अझ बताए अनुसार पीड़ितले  शिकायत दर्ता गरे पछि उसलाई अवैध रूपमा अमरीका पठाउनको लागि  आरोपीले लगभग 45 लाख रुपिया लिएको थिए ।

एनआईए को जांचमा अघि आएको छ  कि आरोपी सित मानिसहरुलाई विदेश पठाउनको लागि कुनै लाइसेंस, कानूनी अनुमति वा पंजीकरण थिएन । आरोपीले पीड़ितलाई  स्पेन, अल साल्वाडोर, ग्वाटेमाला अनि मैक्सिकोको मार्ग भएर अवैध रूपमा अमरीका पठाएको थियो

## टोंगा- भूकंप

टोंगा नजिक 7 दशमलव एक तीव्रताको शक्तिशाली भुइँचलो आए पछि सुनामीको चेतावनी जारी गरिएको थियो र अहिले त्येस चेतावनीलाई हटाईएको छ । अमेरिकी भूवैज्ञानिक सर्वेक्षणले बताए अनुसार भुइचालो  स्थानीय समयानुसार गत सोमवार बिहान मुख्य द्वीप देखि लगभग 100 किलोमीटर उत्तर-पूर्व मा आएको थियो । टोंगा, पोलिनेशिया को एउटा देश हो , जो 171 द्विपहरुले बनिएको छ अनि यसको जनसंख्या एक लाख भन्दा अधिक छ । जसमा अधिकतर मानिसहरु टोंगाटापूको मुख्य द्वीपमा बस्ने गर्दछन् ।

****** ० ******

## म्यानमार भूकम्प-विश्व स्वास्थ्य संगठन

विश्व स्वास्थ्य संगठनले म्यानमारमा गएको भूकम्प उच्च स्तरको आपतकालीन अवस्था भएको र जीवन बचाउन र रोगको प्रकोप रोक्न आगामी ३० दिनमा ८० लाख अमेरिकी डलर आवश्यक पर्ने बताएको छ।
संस्थाले देशमा सीमित सर्जिकल क्षमताका कारण गम्भीर घाइतेहरूमा संक्रमणको उच्च जोखिम रहेको र भूकम्पपछि देशमा रोगहरू बढ्ने सम्भावना पनि रहेको बताएको छ।शुक्रबार, म्यानमार शहर मन्डले नजिकै ७.७ म्याग्निच्युडको

पहिलो भूकम्प गएको थियो, त्यसपछि केही मिनेट पछि ६.७ म्याग्निच्युडको दोस्रो भूकम्प पनि रेकर्ड गरिएको थियो। भूकम्पबाट म्यानमारमा १,७०० भन्दा बढीको मृत्यु भएको छ भने छिमेकी थाइल्याण्डमा पनि कम्तीमा १८ जनाको मृत्यु भएको छ।

****** ० ******

**वायुसेना-ग्रीस**

भारतीय वायुसेनाले आज देखि ग्रीसमा शुरू भैरहेको बहुराष्ट्रीय हवाई अभ्यासमा भाग लिईरहेको छ। 12 दिन सम्म चल्ने यो अभ्यास 11 अप्रैल सम्म चल्नेछ। भारतीय वायुसेनाको दलमा सुखोई-30, आईएल-78 अनि सी-17 विमान सामेल छन्। यस अभ्यासले भारतीय वायुसेनाको ऑपरेशन क्षमता बलियो हुनेछ अनि अभ्यासमा सामेल देशहरु बीच आपस्तको तालमेल असल हुनेछ।

**अफस्पा-असम**

असम सरकारले आज देखि डिब्रुगढ जिल्लामा सशस्त्र बल विशेष अधिकार ऐन (AFSPA) नबढाउने निर्णय गरेको छ। असम सरकारले हिजो एक अधिसूचनामा भनेको छ कि कानून व्यवस्थामा भएको सुधारलाई ध्यानमा राख्दै, डिब्रुगढ जिल्लालाई अशान्त क्षेत्र घोषणा गर्न आवश्यक छैन। यद्यपि, राज्य सरकारले तीन अन्य जिल्लाहरू - तिनसुकिया, चराईदेव र शिवसागर - मा थप छ महिनाको लागि AFSPA जारी राख्न सिफारिस गरेको छ।

****** ० ******

**नेपाल - विरोध प्रदर्शन**

नेपालका सञ्चार तथा सूचना प्रौद्योगिकी मन्त्री पृथ्वी सुब्बा गुरुङले मार्च २८ मा काठमाडौंको तीनकुनेमा पूर्व राजाका समर्थकहरूले गरेको हिंसात्मक विरोध प्रदर्शनका लागि जिम्मेवार व्यक्तिहरू विरुद्ध कानुनी कारबाही गर्ने घोषणा गर्नुभएको छ। पत्रकार सम्मेलनमा बोल्दै श्री गुरुङले हिंसाको पछाडिको तथ्य पत्ता लगाउन अनुसन्धान सुरु गरिएको बताउनु भयो। उहाले , सरकारले छानबिन समिति गठन गरेर जिम्मेवार व्यक्तिहरूलाई दोषी ठहराउने बताउनु भयो।श्री गुरुङले मिडियामाथि भएको आक्रमणको निन्दा गर्नुभयो अनि प्रभावित संस्थाहरूलाई सरकारी सहयोगको प्रतिबद्धता र क्षतिको मूल्याङ्कन गर्ने वाचा गर्नुभयो।

****** ० ******

**ट्रम्प-पुतिन**

अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रम्पले यूक्रेनमा जारी युद्धलाई लिएर रूसका राष्ट्रपति व्लादिमिर पुतिन प्रति अप्रश्न्नता ब्येक्त गर्नुभएको छ। एक समाचार चैनल सित कुराकानीमा , श्री ट्रम्पले यूक्रेनका राष्ट्रपति ज़ेलेंस्कीको विश्वसनीयता बारे श्री पुतिनको टिप्पणीको आलोचना गर्नुभयो। श्री ट्रम्पले सतर्क गराउनुभयो कि रुस संघर्ष-विराम माथि सहमत नभएको स्थितिमा , अमरीकाले रूसबाट तेल किन्ने देशहरु माथि पचास प्रतिशत सम्मको शुल्क लगाउन सक्छ। उहाले अझ भन्नुभयो कि येदी युद्ध जारी रहे रूसको तेल अनि अन्य वस्तुहरु माथि अमरीकामा 25 प्रतिशतको शुल्क लगाईने छ।श्री पुतिनको आलोचना गरेता पनि , श्री ट्रम्पले रूसी नेता सित उहाको संबंध राम्रो रहेको बताउनुभएको छ। यसै बीच, यूक्रेनका राष्ट्रपति ज़ेलेंस्कीले शांति प्रक्रियामा प्रगति नभएकोमा रूसलाई ज़िम्मेवार ठहराउनु भएको छ।

****** ० ******

**अनिवार्य घोषणा-पब्लिक स्पीक**

आकाशवाणीको समाचार सेवा प्रभागले आफ्नो साप्ताहिक फोन-इन कार्यक्रम "पब्लिक स्पीक" मा आज राती 9 बजेर 30 मिनेट जाँदा "पोषण अभियान से कुपोषण का निवारण" विषय माथि परिचर्चा प्रसारित गर्नेछ। परिचर्चामा दिल्लीको अखिल भारतीय आयुर्विज्ञान संस्थान-एम्स का बाल रोग विशेषज्ञ डॉ. अजय वर्मा अनि एम्स का आहार विशेषज्ञ डॉ. ऋचा जायसवालले भाग लिनेछन्। कार्यक्रमको अवधि श्रोताहरुले विशेषज्ञोंहरु सित प्रश्न सोध्न सक्नेछन्। नंबर रहेको छ - 0 1 1 - 2 3 4 2- 1 0 5 0 अनि 0 1 1 - 2 3 3 1- 4 4 4 4. यस बाहेक हाम्रो व्हाट्सएप नंबर 9 2 8 9 0 9 4 0 4 4 मा पनि प्रश्न पठाउन सकिनेछ। हैशटैग आस्क-एआईआर सित सोशल मीडिया साइट एक्स मा पनि प्रश्न सोध्न सकिनेछ।

****** ० ******

**आईपीएल**

आईपीएल टी-20 क्रिकेटमा , राजस्थान रॉयल्सले हिज राती गुवाहाटीमा चेन्नई सुपर किंग्सलाई पराजित गरेको छ। 183 रनको जवाबमा , चेन्नई सुपर किंग्सको टीमले निर्धारित बीस ओवरमा 6 विकेट गुमाएर 176 रन मात्र बनाउन सके। चेन्नई सुपर किंग्सका कप्तान ऋतुराज गायकवाड़ले सर्वाधिक 63 रन बनाए। राजस्थान रॉयल्सको लागि वानिंदु हसरंगाले चार विकेट लिए। राजस्थान रॉयल्सको तर्फ बाट नितीश राणाले 36 बलमा 81 रन बनाए। उनलाई प्लेयर ऑफ द मैच घोषित गरियो। हिज भएको एक अन्य म्याचमा , डेल्ही कैपिटल्सले सनराइजर्स हैदराबादलाई सात विकेटले पराजित गरेको छ। हैदराबादको 163 रनको लक्ष्य दिल्लीले 16 ओवरमा प्राप्त गरे। प्रतियोगितामा आज मुंबईमा मुंबई इंडियंसको भिडन्त कोलकाता नाइट राइडर्ससित बेलुकी 7 बजेर 30 मिनेट जाँदा हुनेछ।

****** ० ******